# कृषि कार्यमा बढ्दो नारीकरण



सुजाता तामाङ

महिला र पुरुष एक रथका दुई पाङ्ग्रा भन्ने भनाइ निकै पहिलेदेखि प्रचलित छ, नेपाली समाजमा। यो कुरा जुनसुकै क्षेत्रमा लागु हुन्छ, तथापि कृषि क्षेत्रमा रथको महिला पाङ्ग्रोको कामको बोझ भने निकै बढी छ। विशेषगरी घरायसी व्यवहारका, कृषि र वनसँग सम्बन्धित सबै खाले कामको जिम्मा महिलाहरूलाई नै हुन्छ।

औसतमा हेर्ने हो भने खेतीपाती तथा घरायसी काममा पुरुषको तुलनामा महिला दुई गुणा बढी संलग्न हुन्छन्। पुरुषहरू मुख्यतया गैरखेतीपातीका काम, खेतीपातीका भारी काम र आयआर्जन हुने किसिमका कामका साथै लामो दूरीको यात्रा गर्नुपर्ने किसिमका कामहरू गर्छन् भने महिलाहरूको जिम्मामा साना तथा धेरै समय लाग्ने कामहरू जस्तै प्रशोधन, अन्न तथा बीउ भण्डारण र जमिन तयार गर्ने काम पर्छन्। महत्त्वपूर्ण कुरा के छ भने महिलाहरूले सधैं ज्याला विनाको घरायसी कामहरू गर्नुपर्ने हुन्छ, जसले गर्दा उनीहरूको काम देखिँदैन। तर त्यो श्रम धेरै लाग्ने र कम ज्याला पाउने किसिमका हुन्छन्। महिलाहरू पुरुषहरू बाहिरिएका अवस्था र स्थायी जागिरमा संलग्न भएको अवस्थामा अस्थायी, मौसमी र ज्यालाका कामदारको ठाउँ पूर्ति गर्न बाध्य हुन्छन्, किनभने पुरुषको तुलनामा महिलाहरू सजिलोसँग बाहिरिन सक्दैनन्।

अहिले युवा विशेषगरी पुरुषहरू रोजगारीका लागि सहर पस्ने तथा विदेशिने क्रम बढेको छ। यसले गर्दा कृषिको कार्यभार महिलाको काँधमा आएको छ। सँगै कृषिकार्यमा व्यापक नारीकरण भएको छ। कृषि कामको बोझ महिलाहरूमा थपिएको छ। हुन त गाउँघरमा अन्य वृद्धवृद्धा र बालबच्चाहरू बाँकी भए पनि कृषि कामको हिसाबले मुख्य बोझ महिलाहरूमै पर्छ। एकातिर अहिलेको सामाजिक-आर्थिक अवस्थामा पुरुषहरू बाहिरिने क्रम रोकिइहाल्ने स्थिति छैन भने अर्कोतिर कृषि पेसामा संलग्नहरू कृषिबाट पूर्णरूपमा टाढिने स्थिति पनि हुँदैन। यसले गर्दा चाहेर वा नचाहेर नेपाली कृषि कार्यको नारीकरण बढ्दो छ।

श्रमको अन्तर्राष्ट्रियकरण र रोजगारीको बदलिँदो अवसरहरूले युवाहरू गाउँबाट सहर तथा अन्य मुलुकतिर आकर्षित हुँदैछन्। यो क्रम पछिल्लो ८-९ वर्षमा अझै तीव्र बनेको छ। विशेषगरी युवाहरूमा कृषिप्रतिको आकर्षण घट्दो छ। खेतीपातीमा लगानीको वृद्धि, घट्दो उत्पादन, सहरी बसाइ र जीवन पद्धतिप्रतिको आकर्षण आदिले मानिसको गैरकृषि क्षेत्रमा संलग्नता बढ्दै गएको हो। त्यसमाथि बढ्दो जलवायु परिवर्तनको असर, केही नियमित बालीहरूको उत्पादनमा असफलता र नयाँ किसिमका रोग तथा किराहरूको आक्रमण, कृषि श्रमिकको अभावका कारणले पनि ग्रामीण किसानहरू कृषिबाट टाढिन बाध्य छन्। पछिल्लो एक अध्ययनअनुसार गएको २० वर्षमा धेरै जमिन बाँझिएको छ। यसको मुख्य कारण पुरुष बाहिरिने क्रम नै हो।

घरायसी नियमित कामहरूसँगै पुरुष सदस्यहरूको अनुपस्थितिमा महिलाहरूले कृषिमा बढी काम गर्नुपर्ने क्रम बढ्दै गएको छ। पुरुषहरू पनि घरायसी खर्च धान्न नसकेर राम्रो आम्दानीको अवसरको खोजीमा विदेशिएका छन्। तर विडम्बना उनीहरूको आम्दानी त्यति पर्याप्त छैन, जसले गर्दा घरव्यवहार चलाउन परिवारले पहिले गरिरहेको जति नै कृषिको काम गरिरहनुपरेको छ। पुरुषको अनुपस्थितिमा उनीहरूले गर्ने मौसमी कामसँगै सिंचाइ, दाउरा चिर्ने, गाह्रो लगाउने, गरा बनाउने, बीउ, विषादी र मल ल्याउने, जोत्ने, कृषिका औजारहरू बनाउने तथा बाँसका सामग्रीहरू बनाउने कामहरूसमेत महिलाहरूले नै गर्न थालेका छन्। उदाहरणका लागि श्रीमान घर नभएको एक महिलाले गोरु र हली जुटाउन नसक्दा 'महिलाले जोत्न नहुने संस्कार'ले गर्दा आफैले खनेर मकै छरेको घटनालाई लिन सकिन्छ। यद्यपि हिजोआज धेरै महिलाले संस्कारको विपरीत आफै हलो जोत्नसमेत थालेको पाइन्छ। साथै अर्को महिलाले पर्म बोलाउँदा पर्म तिर्ने पुरुष छैन भनेर मेलामा नआएको अनुभवलाई पनि लिन सकिन्छ। यी सबैको व्यवस्थापन गर्न महिलालाई शारीरिक रूपमा मात्र नभई मानसिक रूपमा पनि जिम्मेवारी बढेको छ।

**महिलाहरूको बढ्दो कृषि कामको भूमिकालाई आत्मसात् गर्दै कृषि प्रणालीलाई महिलामैत्री बनाउन आवश्यक छ।**

रातोदिन कृषि काममा नै लागेको भए पनि यसको निर्णयमा भने महिलाहरूको खासै पहुँच छैन। कतिपय अवस्थामा महिलाहरूले पुरुषहरूको अनुपस्थितिमा आफ्नो जमिनमा खेती गर्न नसकेको पनि देखिन्छ। घरदेखि नै थप कामको भारका कारण महिलाहरूले खेतीपातीमा पर्याप्त हेरचाह पुऱ्याउन सक्दैनन्, जसले गर्दा पहिलेभन्दा कम उत्पादन भइरहेको छ।

कृषि तथा सहकारी मन्त्रालयको तथ्यांकअनुसार सन् २०१० मा ७२.८ प्रशितश महिला र ६०.२ प्रतिशत पुरुष कृषि कार्यमा संलग्न थिए। त्यसैगरी २०११ को तथ्यांकअनुसार कुल जनसंख्याको २१ प्रतिशत बाहिरिएकाहरूमध्ये पनि पुरुषहरूको संख्या (३२ प्रतिशत) महिलाहरू (११ प्रतिशत) को भन्दा झन्डै तीन गुना बढी छ। यसको अर्थ महिलाहरू नबाहिरिएका भने होइनन्। तर हाम्रोजस्तो सामाजिक संरचना जहाँ कृषिको भूमिका पनि लैंगिक भिन्नताको आधारमा तय गरिएको छ र यसैमा आधारित विभिन्न खाले मूल्य-मान्यताहरू स्थापित छन्, यस्तो अवस्थामा बाँकी महिलाहरू बढी बोझमा परेका हुन्।

ऐतिहासिक रूपमा नेपालमा हेर्दा सामाजिक, राजनीतिक र आर्थिक शक्तिहरू वर्ग, जात, जातीयता र लिंग आदिसँग जोडेर निश्चय गर्ने गरिन्थ्यो। यसले कृषिसम्बन्धी कामको निर्णय, शक्ति, पहुँच तथा भूमिका र कृषि कार्यमा समेत असर गरेको छ। जात तथा लिंगका आधरमा साना जात र आदिवासी जनजातिहरूमध्ये पनि सबैभन्दा विभेदित स्थितिमा महिलाहरू हुन्छन्। सामान्य प्रचलनमा जात, जातीयता, वर्ग र लिंगको आधारमा जति माथिल्लो या ठूलो भयो, कृषिमा काम त्यति नै कम गर्छन्। महिला तथा तल्लो जात भनिएकाहरू सधैं तल्लो तहमा पर्ने हुनाले उनीहरूले नै बढी कृषिको काम गर्नुपर्ने हुन्छ। जुनसुकै जातजातिको भए पनि महिलाहरूमा पुरुषहरूमा भन्दा कम निर्णय गर्ने अधिकार भएको अवस्थामा छन्। तर अझै पनि ठूलो सम्पत्ति किनबेचमा उनीहरूले पुरुष सहपाठीबाट निर्णय लिनुपर्छ। कृषिको नारीकरण गराउने मुख्य कारणहरू सामाजिक संरचना, आर्थिक-सामाजिक परिवर्तनहरू र राज्यको कृषि लगायत अन्य क्षेत्रका नीतिहरूले कृषि कामको नारीकरणलाई बढावा दिएको छ। संरचनागत हिसाबले समाज वर्ग, जातजातीयता र लिंगका आधारमा सम्बन्धहरू तहगत छन्, जुन कृषि क्षेत्रमा पनि उस्तै देखिन्छ। महिला, आदिवासी जनजाति, दलित समुदायको अहिले पनि कृषि श्रमको क्षेत्रमा ठूलो संलग्नता छ, तर त्यत्तिकै मात्रामा उनीहरूको स्वामित्व र पहुँच भने छैन।

महिलाहरू मुख्य श्रमयोग्य समय कृषिमा नै बिताउँछन्। यसरी कृषिमा महिलाहरूको भूमिका बढ्दो भए तापनि उनीहरूसँग निर्णय अधिकारमा सीमित पहुँच छ। यस्तो हुनुको मुख्य कारण उनीहरूको नाममा जमिन तथा उत्पादनका साधनमाथिको स्वामित्व नहुनुले हो। नेपालमा ८९.२ प्रतिशत पुरुषहरूको र १०.८ प्रतिशत महिलाहरूको नाममा जमिन छ। नेपालको सामाजिक बनोटअनुसार जमिन तथा अन्य सम्पत्ति बाबुबाट छोरामा हस्तान्तरण हुन्छ। जसले गर्दा सामाजिक तथा आर्थिक सुरक्षाको हिसाबले महिलाहरू असुरक्षित हुन्छन्।

महिलाहरूमा कामको बढ्दो भार र पर्याप्त समयको अभावमा उनीहरूको स्वास्थ्यमा प्रत्यक्ष असर बढेको छ। एकातिर समयको अभावमा स्वस्थताका लागि आवश्यक उचित समय र हेरचाह पुग्दैन। त्यसैगरी बढी भारको र धेरै लामो समयसम्म काम गर्दा विभिन्न रोग तथा समस्याहरू देखिने गरेको छ। पाठेघर खस्ने समस्या यसको एउटा ज्वलन्त उदाहरण हो, जुन विशेषगरी सुत्केरी र महिनावारीको समयमा भारी काम, उचित खानपान र आरामको अभावमा हुने गर्छ। साथसाथै घरको मुख्य कामको जिम्मा हुने महिलाले पर्याप्त समय नपाउँदा र अस्वस्थ हुँदा परिवारको अन्य सदस्यहरूको खानपान तथा पोषणमा समेत असर पर्ने गर्छ।

महिलाहरूको बढ्दो कृषि कामको भूमिकालाई आत्मसाथ गर्दै कृषि प्रणालीलाई महिलामैत्री बनाउन आवश्यक छ। उनीहरूको क्षमता अभिवृद्धि र प्राविधिक ज्ञानमा वृद्धि गर्दै वर्तमान पुरुषकेन्द्रित प्रविधिहरू महिलामैत्री र सहज बनाउन आवश्यक छ।

जमिन माथिको स्वामित्व, निर्णय गर्ने अधिकार, प्रविधिहरू र सेवाहरू माथिको पहुँच साथै कृषि व्यवस्थापन गर्ने सीप तथा ज्ञानको वृद्धि आदि महिलाहरूलाई दक्ष बनाउने जस्ता महत्त्वपूर्ण आधारहरूमा उचित ध्यान पुऱ्याउन जरुरी छ।

*तामाङ खाद्य तथा कृषि अभियानमा संलग्न अभियन्ता हुन्।*